**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १४, २०८२ असोज, ISSN 2676–1297

# म पनि द्यौता मान्छु कविताको संरचनावादी मिथकीय विश्लेषण

❋अभिषेक कोइराला
abishekkoirala20@gmail.com

*अध्ययनसार*

म पनि द्यौता मान्छु बालकृष्ण समद्वारा लिखित गद्य कविता हो। यस कविताको केन्द्रीय विषयवस्तु देवताको मिथकीय अवधारणा रहेको छ । प्रस्तुत अवधारणा आकाश वा स्वर्गमा बस्ने ईश्वर अथवा देवता हुन्छन् भन्ने पौराणिक मिथकीय धारणामा आधारित रहेको छ । यही देव-मिथकको परिप्रेक्ष्यमा समले उक्त कविताको रचना गरेका हुन् । यस कविताको मूल संरचनालाई पुष्ट गर्न संरचनात्मक घटक वा एकाइका रूपमा विभिन्न आधारबाट माइथीमहरू आएका छन् । ती माइथीमहरूलाई दैवी-धार्मिक, दर्शनशास्त्रीय, साहित्यिक-सांस्कृतिक, प्राकृतिक एवम् सामाजिक-मानवीय रूपमा वर्गीकरण गर्न सकिन्छ । यिनै वर्गीकरणका आधारमा समले यस कवितामा मिथकलाई के कसरी प्रयोग गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासाबाट प्रस्तुत अध्ययनको आरम्भ गरिएको छ । अध्ययनका क्रममा उक्त कवितामा मिथक-प्रयोगको चिनारी गरेपश्चात् संरचनावादी मानवशास्त्री क्लड लेभी स्ट्रसद्वारा प्रतिपादित मिथकसम्बन्धी धारणाअनुसार विश्लेषण गरी प्राज्ञिक समाधान गरिएको छ । यस अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी म पनि द्यौता मान्छु कवितालाई प्राथमिक स्रोतका रूपमा तथा कविताको संरचनावादी मिथकीय विश्लेषणसम्बन्धी सिद्धान्तलाई द्वितीयक स्रोतका रूपमा राखिएको छ । यस लेखमा म पनि देवता मान्छु कवितामा प्रयुक्त मिथकीय अभिव्यक्तिलाई माइथीम, द्वन्द्वात्मक विरोध एवम् मध्यस्थताअनुरूप व्याख्या-विश्लेषण गरिएको छ । व्याख्या-विश्लेषणबाट देवतासम्बन्धी मिथकीय काल्पनिक, अमूर्त वा स्वर्गीय अर्थलाई मानवीय आधारमा पुनर्परिभाषित गरी बालकृष्ण समले यो कविता लेखेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

**प्रमुख शब्दावली** : देवत्व, मानवता, माइथीम, मिथक, संरचना ।

**विषयपरिचय**

म पनि द्यौता मान्छु बालकृष्ण सम (इ.१९०२-१९८१) को लामो गद्यकविता हो । उनका प्रारम्भिक कविताहरू आत्मकथाका रूपमा प्रकाशित 'मेरो कविताको आराधन' उपासना १ र २-मा समाविष्ट छन् । उनका अन्य अधिकांश कविता 'बालकृष्ण समका कविताहरू' (इ.१९८२)-मा सङ्गृहीत छन् । म पनि द्यौता मान्छु इ.१९६३-मा प्रकाशित कविता हो । यस कवितामा देवतासम्बन्धी मिथकीय अवधारणा पाइन्छ । उक्त कविताको शीर्षकद्वारा समले आफू पनि देवता मान्ने हुँदा आफैंलाई पनि देवता मान्ने विचार व्यक्त गरेका छन् । यस कविताअन्तर्गत कवि तथा जोगी यी दुई पात्रको प्रयोग भए तापनि यो कविता कविको एकालापीय शैलीमा संरचित देखिन्छ । यसमा कविले देवता तथा ईश्वरसम्बन्धी आफ्नो मान्यता प्रकट गरेका छन् । शब्दकोशीय एवम् मिथकीय दृष्टिकोणले हेर्दा देवता र ईश्वरमाझ अर्थभिन्नता पाइए तापनि समान्य प्रयोगमा यी शब्द पर्यायवाची मानिएका छन् । यसरी म पनि द्यौता मान्छु कवितामा कविले उक्त दुवै शब्दलाई समान अर्थमा प्रयोग गरेका छन् । यहाँ कवि यथार्थवादी आधुनिक दृष्टिकोणको संवाहक बनेका छन् भने ईश्वरवादी तथा आन्तरिक कल्पनामा रमाउने जोगी मिथकीय व्यक्तित्वको प्रतिनिधि बनेको छ । उक्त कवितामा कविले देवताको अवधारणालाई मानवतावादी ढङ्गमा रूपान्तरण गर्न खोजेका छन् । यस कविताको संरचना मिथकीय विषयवस्तुमा आधारित छ तर यसको उद्देश्य परम्परागत मिथकीय दृष्टिकोण नभएर मानवतावादी कविता-दर्शन निर्माण गर्ने देखिन्छ । म पनि देवता मान्छु कवितामा दैवी-धार्मिक, प्राकृतिक, सामाजिक, साहित्यिक र दार्शनिक आधारका मिथकीय प्रतीक एवम् माइथीमहरूको प्रयोग गरिएको पाइन्छ । उक्त कवितामा कवि र जोगी दुवैले देवता मान्ने विचार व्यक्त गरे तापनि तिनले मानेको देवतामा समता देखिँदैन । परम्परागत ईश्वरवादी मान्यताको प्रतीक जोगी तथा मानवतावादी कविले मानेको देवतामाझ यस कवितामा तुलना गरिएको छ भने दुवैको वैचारिक भिन्नता देखाइएको छ । यही सन्दर्भ नै कविताको मुख्य विषयवस्तु बनेको छ । यस कविताको विभिन्न दृष्टिकोणबाट व्याख्या-विश्लेषण गर्न सकिए तापनि प्रस्तुत लेख लेभी स्ट्रस (इ.१९०८-२००९)-द्वारा प्रतिपादित संरचनावादी सिद्धान्तका आधारमा मिथकीय विश्लेषण गर्न अग्रसर रहेको छ ।

❋ लेखक शोधार्थी अभिषेक कोइराला भारतीय भाषा विभाग, नेपाली प्रभाग, काहिहिवि वाराणसीमा अनुसन्धानरत छन् ।

मिथक भन्नाले कुनै जाति, समाज वा संस्कृतिले स्वीकारेको पुरानो आख्यान मानिन्छ । यसमा ब्रह्माण्ड, देवता, मानव, सृष्टि, मृत्यु, नैतिकता आदिको मूल व्याख्या पाइन्छ । विद्वान्हरूले मिथकलाई  विभिन्न प्रकारले व्याख्या गरेका छन् । यसको व्याख्या गर्ने क्रममा फ्रान्सेली विद्वान् लेभी स्ट्रसले संरचनावादको भाषिक आधारलाई स्वीकार गरेका छन् । संरचनावादले भाषालाई सङ्केत-व्यवस्था मान्दै सङ्केतक र सङ्केतितका आधारमा विश्लेषण गरेको छ। तद्नुरूप मिथकीय संरचनाको एकाइ निर्धारण गर्दै लेभी स्ट्रसले संरचनावादी मिथकीय विश्लेषणको सिद्धान्तलाई प्रतिपादन गरेका छन् । मिथकलाई केन्द्रविन्दु मानेर अघि बढेको संरचनावादी मिथकीय विश्लेषण सिद्धान्तले मिथक र कविताको समान संरचना स्वीकार गरेको छ । यस सिद्धान्तले मिथकलाई काव्यको अर्थविस्तार गर्ने प्रमुख उपकरणका रूपमा लिएको पाइन्छ । प्रस्तुत लेख यसै संरचनावादी दृष्टिकोणबाट म पनि द्यौता मान्छु कविताको मिथकीय विश्लेषण गर्न केन्द्रित रहेको छ ।

**सैद्धान्तिक पर्याधार**

प्रस्तुत अध्ययनका क्रममा आवश्यक सामग्री सङ्कलनका लागि पुस्तकालयलाई स्रोत बनाइएको छ। समको म पनि द्यौता मान्छु कवितालाई तथ्य सङ्कलनको मूल विश्लेष्य प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यसैगरी सैद्धान्तिक अध्ययनका लागि पनि पुस्तकालयीय कार्यबाट प्राप्त संरचनावादी मिथकीय विश्लेषणसम्बन्धी विभिन्न पुस्तक तथा अध्ययन-अनुसन्धानहरूलाई स्रोत सामग्रीका रूपमा लिइएको छ । कविताको अध्ययनका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अँगालिएको छ भने व्याख्या-विश्लेषणबाट निष्कर्षसम्म पुग्ने कार्य गरिएको छ । अर्थापनको सैद्धान्तिक ढाँचाका रूपमा संरचनावादी मिथकीय विश्लेषण सिद्धान्तलाई आधार बनाइएको छ । यसरी विश्लेष्य पाठलाई माइथीम, द्वन्द्वात्मक विरोध र मध्यस्थताजस्ता संरचनावादी आधारमा व्याख्या-विश्लेषण गरिएको छ ।

अङ्ग्रेजी मिथ शब्द ग्रीस भाषाको मुथोस-बाट विकसित भएको छ (गौतम, २०५९, पृ.१२०) । यसको अर्थ मौलिक कथा (टेरेन्स, ई.२०११, पृ. ४४८) भन्ने हुँदछ । मिथ-लाई आधार पद मानेर कन् प्रत्यय जोडी (मिथ+क(न्) = मिथक) मिथक (पाणिनि, ५.३.९६) शब्द बनाइएको छ । मिथक हुनलाई पराभौतिक तत्त्वको उपस्तिथि चाहिन्छ (सिंह, १९८४, पृ.३) । मिथक भन्नाले त्यस्तो कथाको बोध हुँदैछ जसमा देवी, देवता, राक्षस आदि अतिप्राकृतिक तत्त्वको अवश्यम्भावी भूमिका रहन्छ (श्रीवास्तव, इ.१९८५, पृ.७) । यसले अतिमानवीय भएरै मान्छेको समस्यालाई प्रस्तुत गर्दछ (गौतम,२०५९, पृ.१२१) । मानवीय समस्याहरू मिथकीय प्रतीक बनेर साहित्यमा आएका हुँदैछन् । नेपाली कविता-साहित्यको सन्दर्भमा वीरकाल, भक्तिकाल, माध्यमिक काल, आधुनिक काल एवम् उत्तराधुनिक कृतिहरूसमेत मिथक तत्त्वलाई आधार बनाएर रचना गरिएका छन् (ढकाल, २०७५, पृ.५१)।

पूर्वीय साहित्य सन्दर्भमा मिथक शब्दको प्रथम-प्रयोग गर्ने व्यक्ति आचार्य हजारीप्रसाद द्विवेदी (इ.१९०७-१९७९) हुन् (विद्यावाचस्पति, ई.१९८६, पृ.१) । नेपाली साहित्यमा जगदीशशमशेर राणा (इ.१९२९-२०१७)-ले अङ्ग्रेजी मिथका लागि मिथक शब्दको व्यवहार गर्ने सुझाउ दिएका छन् (राणा, २०४५, पृ.२९८) । एउटा संस्कृतिका मिथकहरू अर्को संस्कृतिसम्बद्ध साहित्यका आधारभूत स्रोत बनेका हुनसक्छन् (लोढा, इ.१९८१, पृ.५९)। पूरा-मौखिक संस्कृतिदेखि वैदिक-पौराणिक युग अनि मध्यकालीन भक्ति साहित्य र आधुनिक प्रतीकात्मक कविताहरूसम्म पनि मिथकीय प्रयोग वा अभिव्यक्तिको सुदृढ परम्परा पाइन्छ । आधुनिक ज्ञानानुशासनको स्वतन्त्र अध्ययन हुन थालेपछि मिथकको अझ बढी महत्त्व बढेको छ (लोढा, ई.१९८१, पृ.७) ।

साहित्यमा मिथकीय विश्लेषणका विभिन्न आधार वा अवधारणा विकसित भएका देखिन्छन् । तीमध्ये संरचनावादी मिथकीय विश्लेषण सिद्धान्तले मिथकका साना-साना संरचनात्मक एकाइहरूलाई माइथीमका रूपमा विभाजन गरेको छ (कुन्तल मेघ, ई.२०१७, पृ.१७)। माइथीमलाई मिथकको सबैभन्दा सानो अर्थयुक्त एकाइ मानिन्छ। यसलाई मिथकीय प्रतीक वा अभिप्राय पनि भनिएको पाइन्छ। यिनै साना माइथीम एकाइहरूले मिथकको ठूलो संरचना निर्माण गरेका हुन्छन् । साहित्यमा माइथीमहरू शब्द, प्रतीक, रूपक र कल्पनाका आधारमा आएका देखिन्छन् (सिंह, इ.१९८४, पृ.११)। पश्चिमी साहित्यमा होमरको इलियड र ओडिसी वा पूर्वीय साहित्यमा रामायण र महाभारत अथवा नेपाली साहित्यमा लोककथा, पुराण तथा देवी-देवता आदि सबै साहित्यिक माइथीम बनेर आएका पाइन्छन् । साहित्यिक माइथीमहरू पनि द्विचर विरोध/द्वन्द्वात्मक विरोधका रूपमा आएका देखिन्छन् ।

द्वन्द्वलाई संरचनावादी सिद्धान्तको केन्द्रीय आधार मानिन्छ र यसलाई अन्तर्विरोध, द्विपर्णता वा द्विचर विरोध पनि भनिन्छ (कुन्तल मेघ, ई.२०१७, पृ.१८) । यही विपरीतता वा विरोधाभासले संरचनाको अर्थबोध गराएको हुन्छ। यस्ता विरोधाभास र विपरीतताले नै मिथकीय संरचना निर्माण गर्दछन् । यसरी मिथकले द्वन्द्वलाई मात्र

देखाउँदैन, अपितु मध्यस्थताका रूपमा समाधान वा सन्तुलन पनि प्रस्तावित गरेको हुँदछ। संरचनावादी मिथकीय विश्लेषणअनुसार मध्यस्थताले द्वन्द्वलाई मिलाउने अथवा सेतुनिर्माण गर्ने कार्य गर्दछ र अर्थलाई सन्तुलनमा ल्याउने संरचनात्मक भूमिका निर्वाह गर्दछ। यसरी आद्य-मिथकदेखि आधुनिक साहित्यसम्म प्रत्येकमा यही समान मानसिक ढाँचा वा संरचना पाइन्छ।

संरचनावाद बीसौँ शताब्दीको मध्यतिर युरोपेली बौद्धिक संसारमा एक प्रभावशाली आन्दोलनका रूपमा उदय भयो। यसको मूल आधार फर्डिनेन्ड डी सस्युर (इ.१८५७-१९१३)-को भाषाविज्ञान थियो, जसले भाषा (सङ्केत)-लाई सङ्केतक र सङ्केतितको सम्बन्धमा बुझाएको छ (बन्धु, २०७०, पृ.४६)। सस्युरले भाषालाई सङ्केत प्रणाली मानी सङ्केतक र सङ्केतितका माध्यमबाट संरचनागत ढाँचामा देखाए भने लेभी स्ट्रसले यही पद्धति स्वीकार गरेर मिथक, संस्कृति र समाजको अध्ययन गरेका छन् (कुन्तल मेघ, इ.२०१५, पृ.२३७)। यसै आधारमा उनले मानवशास्त्र र मिथकलाई नव आयाम दिएका छन्। मिथक विश्लेषणका परिप्रेक्ष्यमा स्ट्रसले भाषा-प्रणाली र मिथक-प्रणालीमाझ संरचनागत समानता रहने स्वीकार गरेका छन् (लोढा, इ.१९८१, पृ.२०८)। उनका विचारमा मानव समाजका सबै अभ्यास, मिथक, संस्कारादि भाषाजस्तै संरचनाबद्ध हुन्छन्। उनले मिथकको सबैभन्दा सानो अर्थपूर्ण एकाइलाई माइथीम (Mythem) (स्ट्रस, ई.१९५५, पृ.४३७) भनेका छन् भने माइथीमहरूको आधारभूत संरचना द्वन्द्वात्मक विरोध (Binery Oposition)-मा (स्ट्रस, ई.१९६३, पृ.२११) निहित रहेको पुष्टि गरेका छन्। मिथकले यी विरोधी ध्रुवमाझ मध्यस्थता (Midiation) गरेर समाज, संस्कृति र मिथकको सार्वभौमिक संरचना (Universal Structure) अभिव्यक्त गर्दछ (स्ट्रस, ई.१९७८, पृ.१२२)।

प्रस्तुत संरचनावादी मिथकीय विश्लेषण पद्धति जर्मनेली दार्शनिक फ्रेडरिक हेगेल (इ.१७७०-१८३१)-को द्वन्द्वात्मक विधि (Dialectical Method)द्वारा पनि प्रभावित छ (हेस, इ.२००९, पृष्ट.४७)। विशेषतः स्ट्रसको यो पद्धतिअन्तर्गत पर्ने द्वन्द्वात्मक विरोध (Binery Opposition) को आधार हेगेलको वाद (Thesis), प्रतिवाद (Antithesis) र संवाद (Synthesis) को धारणा मानिन्छ।

संरचनावादी मिथकीय विश्लेषण पद्धतिले संस्कृति, मानव-चेतना र प्रतीकात्मक संरचनाहरूलाई बुझ्ने शक्तिशाली ढाँचा प्रदान गरेको देखिन्छ। कविताहरूले पनि प्रतीकात्मक र संरचनात्मक रूपमा मानव अनुभव, भावना र सांस्कृतिक मूल्यहरूलाई व्यक्त गर्छन्। अतः संरचनावादी मिथकीय विश्लेषणको सिद्धान्तअनुरूप कविताको अध्ययन गर्न सम्भव देखिन्छ। यसै सिद्धान्तका आधारमा प्रस्तुत लेखमा बालकृष्ण समको म पनि द्यौता मान्छु कविताको मिथकीय विश्लेषण गरिएको छ।

**म पनि द्यौता मान्छु कविताको संरचनावादी मिथकीय विश्लेषण**

बालकृष्ण समद्वारा लिखित म पनि द्यौता मान्छु कवितामा आएका माइथीमहरूलाई निम्नानुसार वर्गीकरण गरी द्वन्द्व र मध्यस्थताअनुरूप व्याख्या-विश्लेषण गरिन्छ।

**दैवी-धार्मिक माइथीम**

प्रस्तुत कवितामा घरीघरी हिन्दू दैवी-धार्मिक परम्पराका देवता, दर्शन र धार्मिक अवधारणाहरूलाई मिथकीय प्रतीकका रूपमा प्रयोग गरिएको पाइन्छ। यी सबै माइथीमहरू कविको विचारलाई मानव-केन्द्रित बनाउन प्रयोग गरिएका देखिन्छन्। यस कवितामा कवि र जोगीले देख्ने देवता भिन्न-भिन्न छन्। जोगीले देख्ने देवता अमूर्त छ भने कविले देख्ने देवता प्रत्येक मानिसभित्रै अवस्थित हुन्छ। कवि भन्छन्-

तिमी उसलाई आँखा चिम्लँदा
अमूर्तचिन्तनको बादलमा देख्छौ
म उसलाई आँखा उघार्दा
प्रत्येक मानिसको प्रिय दर्शनमा देख्छु। (सम, इ.१९८१, पृ.२५६)

उक्त कवितांशमा नौ प्रकारका माइथीमहरूको प्रयोग भएको पाइन्छ। यहाँ तिमी (जोगी), म (कवि), आँखा चिम्लनु, आँखा उघार्नु, उसलाई, अमूर्तचिन्तन, बादल, प्रत्येक मानिस र प्रिय दर्शन यी नौ माइथीमहरूले मिथकको रूढिलाई भत्काएर अर्थलाई मानवतावादी आधारमा पुनसिर्जन गर्नपुगेका छन्। यस कविताको संरचनामा आएका तिमी/म, आँखा चिम्लनु/आँखा उघार्नु, अमूर्त चिन्तन/प्रिय दर्शन, बादल/प्रत्येक मानिस यी संरचक घटकहरू माइथीमका रूपमा परिचित छन्। यिनीहरूमाझ द्वन्द्वात्मक विरोधको उपस्थिति रहेको पाइन्छ। प्रस्तुत कवितांशमा व्यक्त द्वन्द्वात्मक विरोधलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ। तालिकामा देखाइएका अ तथा आ समूहका माइथीमहरू माझ द्वन्द्वात्मक स्थिति सिर्जना भएको छ।

द्वन्द्व

| | |
|---|---|
| माइथीम (अ) | माइथीम (आ) |
| तिमी (जोगी) | म (कवि) |
| आँखा चिम्लनु | आँखा उघार्नु |
| अमूर्त चिन्तन | प्रिय दर्शन (स्पष्ट यथार्थ) |
| बादल (अस्पष्टता) | प्रत्येक मानिस (जीवन्त मानव) |
| देवत्व (आकाशीय कल्पना) | देवत्व (मानवकेन्द्रित अनुभूति) |

**मध्यस्थता**

म पनि द्यौता मान्छु कवितामा तिमी (जोगी) तथा म (कवि) दुवैले देवता माने तापनि दुवैको दृष्टिमा भिन्नता रहेको पाइन्छ। जोगीद्वारा आँखा चिम्लिएर गरिने आन्तरिक समाधि र कविले आँखा उघारेर हेर्ने बाह्य यथार्थ दुवैलाई मिलाएर सम्पूर्णताको दर्शन गर्नुपर्दछ भन्ने सन्देश कविताले दिएको छ। कल्पना र यथार्थबीच संयुक्त दृष्टि राखी देवत्वलाई कल्पनामा मात्र नभएर मानवजीवनभित्रै अन्वेषण गर्ने चेतना बढाउनु यस कविताको मिथकीय दर्शन रहेको पाइन्छ। उक्त कवितामा पूर्वीय र पाश्चात्य मानवतावाद सम्मिश्रित रूपमा अभिव्यञ्जित बनेको पाइन्छ। पूर्वीय मानवतावाद हिन्दू, बौद्ध, जैन तथा कन्फ्यूसियस र ताओ आदिका आधारमा प्रेरित रहेको देखिन्छ। यसले मानवलाई आध्यात्मिक एवम् सामाजिक सन्दर्भमा हेरेको छ। म पनि द्यौता मान्छु कवितामा आध्यात्मिकतालाई मानवीय व्यवहार र सामाजिक उत्तरदायित्वसँग जोडेर ईश्वरलाई वैकल्पिक धारणा मानिएकाले यहाँ पूर्वीय मानवतावाद प्रस्तुत बनेको देखिन्छ। यसैरी उक्त कविताका संरचनामा आएका हरिमदप्याला, शिव, स्रष्टा, व्यास, कृष्ण, राम-सीता, पार्वती, मुक्तिनाथ, कैलाश, वैकुण्ठ, बुद्ध, स्वर्ग, नरक, भूत-प्रेत आदि पूर्वीय मानवतावादलाई स्थापित गराउन आएका दैवी-धार्मिक माइथीमहरू हुन्। कवितामा प्रयुक्त शिव शब्द दैवी कल्याणको परिचायक माइथीम बनेर आएको छ भने यसका विपरीतमा स्वचेतनामूलक मानवी कल्याण उपस्थित भएको पाइन्छ। यसलाई मिलाउन कविले प्रत्येक मानिसमा नै शिव रहेको बताउँदै म नै शिव हुँ (शिवोहम्, शिवोहम्) को सन्देश दिएका छन्। यसैगरी स्रष्टा माइथीमद्वारा देवता पनि मानिसकै कल्पना-सृष्टि रहेकाले सबै मानिसले सबै मानिसमा सृष्टिकर्ताको दृष्टि राख्नुपर्ने आह्वान गरिएको पाइन्छ। महाभारतका कृष्णको सृष्टि व्यासका कविताहरूमा भएकाले कविताहरू जीवन-दर्शनका उन्नायक बनुने भन्ने मानवकेन्द्री धारणा कवितामा प्रकट भएको देखिन्छ। यसैगरी उक्त कवितामा पाश्चात्य मानवतावादको पनि प्रभाव परेको पाइन्छ। पाश्चात्य मानवतावाद पुनर्जागरण तथा आधुनिक वैज्ञानिक दृष्टिकोणबाट प्रभावित रहेको देखिन्छ। यसले मानवाधिकार र धर्मनिरपेक्षताको प्रतिनिधित्व गर्दछ। म पनि द्यौता मान्छु कवितामा ईश्वर वा देवतालाई मानवतावादी वैयक्तिक दृष्टिकोणद्वारा अभिव्यक्त गरिएकाले सम पाश्चात्य मानवतावादी धारणाबाट प्रभावित थिए भन्ने प्रमाण पाइन्छ।  यसरी उक्त कवितामा आएका प्रत्येक माइथीममा अभिव्यक्त द्वन्द्व र यसको समाधान वा मध्यस्थता कवितामा मानवतावादी रूपमा अभिव्यक्त भएको छ।

**दर्शनशास्त्रीय माइथीम**

मानव सभ्यताको आरम्भमा अज्ञेय घटनालाई कथा, प्रतीक र देवी-देवताका माध्यमबाट व्याख्या गर्ने प्रक्रम नै मिथक उत्पत्तिको आधार बन्यो। तिनै मिथकीय कथा-प्रतीकहरूलाई तार्किक, युक्तिपूर्ण र सारगर्भित ढङ्गले विश्लेषण गर्ने क्रममा दर्शन जन्मियो। यसैले दर्शनलाई मिथकको तार्किक विकास भन्न सकिन्छ। मिथकले दर्शनलाई रूपक, प्रतीक र कथा-सामग्री दिएको पाइन्छ भने दर्शनले मिथकलाई तात्त्विक व्याख्या र तर्क-संरचना दिएको हुन्छ। म पनि द्यौता मान्छु कवितामा दार्शनिक माइथीमहरूको सौम्य संयोजन पाइन्छ। यहाँ प्रयुक्त माइथीमहरूद्वारा रूढिवादी दार्शनिक उद्देश्यभन्दा नव्य मानवतावादी 'कविता-दर्शन' प्रस्तुत बनेको पाइन्छ।

कवि भदन्छन्-

म पनि विष्णुलाई मान्छु, व्यापकता को मान्दैन,
म पनि शिवलाई मान्छु, को यो कल्याण चाहन्न,
म पनि ब्रह्मलाई मान्छु, आफूलाई को छाम्दैन,
"अहं ब्रह्मास्मि" म निर्धक्कसित भन्छु,
किनभने म नै मानिस हुँ,
द्यौता मानिस हो, मानिस द्यौता हो।(सम, इ.१९८१, पृ.२५९)

उक्त कवितांशमा बाह्रवटा माइथीमहरूको प्रयोग पाइन्छ। कवितामा प्रयोग भएका विष्णु, शिव, कल्याण, स्रष्टा, जगत्, ब्रह्म, आफू, व्यापकता, अहं ब्रह्मास्मि, मानिस, द्यौता मानिस हो र मानिस द्यौता हो आदि माइथीमहरूले आकाशीय वा काल्पनिक रूढ देवतालाई मानवत्वमा आरोप गरिदिएको छ। यिनीहरूमा अभिव्यक्त द्वन्द्वात्मक सङ्घर्षलाई निम्नानुसार देखाउन सकिन्छ।

**द्वन्द्व**

| माइथीम(अ) | माइथीम(आ) |
|---|---|
| विष्णु (दैवी सत्ता) | मानिस (मानव सत्ता) |
| शिव (दैवी कल्याण) | आफू (स्वचेतना) |
| स्रष्टा (सृष्टिकर्ता) | जगत् (सृष्टि) |
| ब्रह्म (परम सत्य) | अहं ब्रह्मास्मि (व्यक्तिगत अनुभूति) |
| द्यौता मानिस हो | मानिस द्यौता हो |

**मध्यस्थता**

प्रस्तुत कवितामा प्रयोग भएका विष्णु व्यापकताका प्रतीक बनेका देखिन्छन्। वेदले पनि विष्णुलाई व्यापक एवम् विराट्पुरुष मानेको छ (ऋग्वेद, पुरुषसूक्त, १)। यस कवितामा विष्णु (दैवी सत्ता) र मानिस (मानव सत्ता)-को द्वन्द्व हुँदा देवत्व मानिसमै हुन्छ भन्दै कविले कविताद्वारा मध्यस्थता गरेका छन्। त्यसैगरी शिवत्व र स्वत्व माइथीमका माध्यमबाट सच्चा कल्याण बाह्य देवतामा मात्र नभएर आन्तरिक आत्मामा हुन्छ भन्ने निगूढ आशय कविले प्रकट गरेका छन्। म पनि द्यौता मान्छु कवितामा स्रष्टा र सृष्टिको विरोधाभास हुँदा सृष्टि नै स्रष्टाको अभिव्यक्ति हो भन्दै दुवै एकाकार अवस्थामा रहने दार्शनिक विचार यस कवितामा पाइन्छ। अहं ब्रह्मास्मि (बृहदारण्यक, १.४.१०) अर्थात् म नै ब्रह्म हुँ भन्ने अनुभवद्वारा मानिसले परब्रह्मलाई आत्मसात् गर्ने भएकाले मानवत्व र देवत्व एउटै चेतनाका दुई रूप हुन् भन्ने विचार कवितामा व्यक्त भएको पाइन्छ। कविले देवत्व र मानवत्व एकाकार रहेको देखाउँदै 'देउता मानिस हो र मानिस नै देवता हो' भन्ने एकीकृत दार्शनिक उद्गार कवितामा व्यक्त गरेका छन्। यसरी कविताका दैवी-धार्मिक माइथीमहरूले पराम्परागत अध्यात्मलाई पुनर्व्याख्या गर्दै देवत्वको केन्द्र मानवता नै हो भन्ने आशय व्यक्त गरेका छन्। उक्त कवितामा माइथीमका रूपमा आएको आत्मन्येवात्मना तुष्ट (गीता,२.५५)-ले मनबाट कामनाहरूको परित्याग गरी आत्मतुष्ट रहँदै 'स्थितप्रज्ञ' बन्नपर्ने आह्वान गरेका छन्। यसैगरी प्रस्तुत कविताको संरचनामा आएका अद्वैतवाद, शब्दब्रह्म, साकार देवता, निराकार देवता, मुक्ति र मोक्ष आदि दर्शनशास्त्रीय माइथीमका रूपमा परिगणित छन्।

**साहित्यिक-सांस्कृतिक माइथीम**

मिथक स्वयं कथा, प्रतीक र रूपकमा आधारित हुन्छ, जो साहित्यको मूल तत्त्व मानिन्छ। साहित्यले मिथकलाई पुनर्रचना गरेर नयाँ सन्देश दिएको पाइन्छ। धार्मिक अनुष्ठान, उत्सव, परम्परा, विश्वास र मान्यतामा संस्कृति अडिएको हुन्छ, जसको आधार पनि मिथक नै देखिन्छ। मान्छे सांस्कृतिक आधारबाट मिथकमै बाँचिरहेको हुन्छ। नेपाली साहित्यिक-सांस्कृतिक परम्परामा कविता सधैँ दर्शन, सौन्दर्य र सत्यसँग जोडिएर आएको पाइन्छ। म पनि द्यौता मान्छु कवितामा कविले त्यसै परम्परालाई निरन्तरता दिएर कवितालाई मानवकेन्द्रित दर्शन बनाउन प्रयासरत देखिन्छन्। यस कवितामा साहित्यिक र सांस्कृतिक दुवैथरिका मिथकीय प्रतीकहरू प्रयोग भएका छन्। उक्त कवितामा पाश्चात्य रेमेली संस्कृतिको भीनस, पूर्वीय संस्कृतिका गीता, वेद, पद्मिनी तथा भूत-प्रेतजस्ता साहित्यिक-सांस्कृतिक प्रतीकहरूको सम्मिश्रण पाइन्छ। यसरी साहित्य एवम् संस्कृतिगत माइथीमहरूद्वारा समले कविता स्वयं मानवताका लागि देवत्व हनाका साथै सांस्कृतिक मूल्य र सौन्दर्य साहित्यको आत्मा हो भन्ने आशय व्यक्त गरेका छन्। कवि भन्दछन्-

जोगी, म दर्शनको नामले कवितामा
कल्पना गरी मानिसलाई
अपमान गरेको देखिसहन्नँ,
कविताको नाममा असत्यलाई सल्काएर
त्यसको प्रकाशमा
दर्शन स्पष्ट्याउन चाहन्छु। (सम, इ.१९८१, पृ.२५८)

प्रस्तुत कविताांशमा नौवटा माइथीमहरू सूचीकरण गर्न सकिन्छ। यस कवितामा प्रयोग भएका जोगी, दर्शन, कविता, कल्पना, मानिस, अपमान, असत्य, प्रकाश, स्पष्टता यी शब्दहरू माइथीमका रूपमा उपस्थित भएका छन्। उक्त कवितामा आएका माइथीममा उपस्थित द्वन्द्वात्मक विरोधलाई निम्नानुसार देखाउन सकिन्छ ।

**द्वन्द्व**

| | |
|---|---|
| माइथीम (अ) | माइथीम (आ) |
| जोगी (धार्मिक) | मानिस (सामाजिक) |
| दर्शन (ज्ञान) | कल्पना (भ्रम) |
| कविता (सत्यको साधन) | अपमान (अनुचित आवरण) |
| प्रकाश (सत्य) | असत्य (अन्धकार) |
| स्पष्टता | अस्पष्टता |

**मध्यस्थता**

लेभी स्ट्रसले भनेभैँ मिथकहरू दुई ध्रुवीय द्वन्द्वबीच तेस्रो मार्ग खोज्दछन् । प्रस्तुत कवितामा कविले जोगीलाई अमूर्त कल्पनामा रमाउने अनि वास्तविकताभन्दा पर रहने ठहर गरेका छन् भने दुःख, श्रम, समाज, अधिकार र प्रेमजस्ता मानव जीवनका जीवन्त यथार्थलाई मानवले निर्वहन गर्नुपर्ने देखाएका छन्। उक्त कवितामा समले जब कविता केवल कल्पनामा अडिन्छ तब असत्य सल्किन्छ अनि मानिस अपमानित हुन्छ भन्ने कुरा स्पष्ट गरेका छन्। उनले कविता प्रकाश र स्पष्टताको साधन बनेपछि दर्शन प्रस्ट बन्ने तदनुरूप मानिस यथार्थसँग जोडिने अभिमत प्रकट गरेका छन्। कविता सत्य/असत्य, सम्मान/अपमान, प्रकाश/अन्धकारबीच सेतु बनेको हुँदछ र यो केवल सौन्दर्य वा रमाइलो कल्पना मात्र नभई मानवोन्मुख दर्शनको वाहक हुनुपर्छ भन्ने कविको आत्माभिव्यक्ति पाइन्छ। मानववादी कवि र ईश्वरवादी जोगीको द्वन्द्वात्मक विरोधमा कविता असत्य लुकाउने पर्दा नभएर सत्य उद्बोधन गराउने प्रकाश हो भन्ने कविको अभिमत स्पष्ट भएको पाइन्छ। यसरी कविले कवितालाई दर्शन वा प्रकाशको औजार बनाउँदै मानवकेन्द्रित सत्यवादी दृष्टिकोण प्रस्तुत गरेका छन्।

प्रस्तुत कवितामा प्राचीन रोमन संस्कृतिअन्तर्गत पर्ने मिथक-कथाकी पात्र भीनसलाई माइथीमका रूपमा प्रयोग गरिएको छ। सदैव नग्न रहने भीनसलाई पाश्चात्य संस्कृतिमा प्रेम, सौन्दर्य र प्रजननकी देवी मानिन्छ (पट्टनायक, इ.२०१८, पृ.२९५)। म पनि द्यौता मान्छु कवितामा भीनस माइथीमको प्रयोगद्वारा मानिस वा समाजको नग्न (यथार्थ) सौन्दर्य प्रेमका रूपमा कवितामा प्रजनित हुनुपर्छ भन्ने धारणा व्यक्त गरिएको पाइन्छ।

**प्राकृतिक माइथीम**

प्राकृतिक माइथीम भन्नाले पृथ्वी, आकाश, बाढी, आँधी, सूर्य, वनस्पति, नदी आदि प्रकृतिसम्बन्धी प्रतीक भन्ने बुझिन्छ। प्रस्तुत कवितामा देवता-मिथकलाई परिपुष्ट गर्ने क्रममा कवितामा प्रकृतिसम्बद्ध विभिन्न माइथीमहरू उपस्थित भएका छन्। कवि भन्छन्-

मलहरूकै बीच छेडी धरतीले
रायोको साग उमार्दछ,
खेतको मलिलो तेलमा नै धानको बाला बल्छ
नरककै बीचबाट उठी सुन्तला
तिम्रो मुखमा अमृत छर्छ
फोहोर सोहोर्दै थेर्याउँदै तौरँदै
नदीले तिम्रो तिर्खा मेट्छ। (सम, इ.१९८१, पृ.२५७)

प्रस्तुत कविताांशमा रहेका मल, फोहोर, धरती, रायोको साग, धानको बाला, नरक, सुन्तला, नदी र तिर्खा यी आठ प्राकृतिक माइथीमका रूपमा उपस्थित छन्। यस कवितामा फोहोर, मल, नरक, तिर्खाजस्ता नकारात्मक माइथीमहरू एवम् रायोको साग, धानको बाला, सुन्तला, अमृत, नदीजस्ता सकारात्मक माइथीमहरूमाझ द्वन्द्व स्पष्टतया देखिन्छ। उक्त कविताांशामा अभिव्यक्त द्वन्द्वात्मक विरोधलाई निम्नानुसार देखाउन सकिन्छ।

**द्वन्द्व**

| | |
|---|---|
| माइथीम (अ) | माइथीम (आ) |
| मल-फोहोर | रायो (पोषण) |
| नरक | स्वर्ग (अमृत स्वाद) |
| तिर्खा | नदी |
| अन्धकार (मल, नरक र फोहोर) | ज्योति (धानको बाला, सुन्तला) |

**मध्यस्थता**

प्रस्तुत कविताांशमा धरती र नदी मध्यस्थताका प्रमुख मिथकीय प्रतीक बनेर आएका देखिन्छन् । मललाई जीवनदायी अन्नमा रूपान्तरण गर्नसक्ने शक्ति एवम् नकारात्मक फोहोरलाई सकारात्मक ऊर्जामा परिणत गराउने माध्यम धरती हो भन्ने कुरा कवितामा व्यक्त भएको छ । त्यसैगरी फोहोर सोहोर्दै शुद्ध जल उपलब्ध गराउने जीवनदायी प्रवाह तथा पिपाशा र अभावलाई तृप्ति र परिपूर्णतामा परिवर्तन गर्ने माध्यम नदी हो भन्ने सन्देश कविताद्वारा व्यक्त बनेको छ । म पनि द्यौता मान्छु कवितामा आएको धरती र नदीजस्ता माइथीमद्वारा नकारात्मक र सकारात्मक ध्रुवबीचको द्वन्द्वलाई समेटेर सन्तुलन र समन्वय स्थापित गरिएको  पाइन्छ । यस कवितामा कविले प्रकृतिलाई मानवमुक्ति र जीवनदर्शनको माध्यमका रूपमा चित्रण गरेका छन् । यसरी कविताको उक्त अंशले मध्यस्थताको सूक्ष्म संरचनाबाट मानवकेन्द्रित जीवनदृष्टि प्रस्तुत गरेको पाइन्छ ।

**सामाजिक-मानवीय माइथीम**

मूल मिथक अवधारणालाई पुष्ट गर्न आएका समाज र मानवसम्बन्धी माइथीमहरू सामाजिक-मानवीय माइथीम हुन् । प्रस्तुत कवितामा सामाजिक-मानवीय आधारका माइथीमको प्रयोग पाइन्छ । यस कवितामा कवि भन्छन्-

पृथ्वीभरिका मानिस तिम्रा आमा-बाबु,
धर्मले केटा-केटी छोराछोरी हुँदछन्,
अझ बढ्छ तिमीमा उत्तरदायित्व,
तिम्रा बा तिम्रो अगिल्तिर हात पसारेर उभिएका छन्,
तिम्री आमा झुत्रो मजेत्रोको टुप्पा फैलाइरहेकी छन् ।  (सम, इ.१९८१, पृ.२५७)

प्रस्तुत कविताांशमा अभिव्यक्त आमा-बाबु, धर्मले छोराछोरी, उत्तरदायित्व, बा हात पसार्नु, आमा झुत्रो मजेत्रो फैलाउनु यी सामाजिक-मानवीय माइथीमअन्तर्गत पर्दछन् । उक्त सामाजिक-मानवीय माइथीममा उत्पन्न भएका द्वन्द्वात्मक विरोधलाई निम्नानुसार देखाउन सकिन्छ ।

**द्वन्द्व**

| माइथीम (अ) | माइथीम (आ) |
|---|---|
| आमा-बाबु (मानव परिवार) | पृथ्वीभरि विखण्डित मानिस |
| धर्मले छेरा-छोरी | व्यक्तिगगता |
| उत्तरदायित्व | पलायन |
| बाले हात पसार्नु | अभाव, आशा, असहायता |
| आमाले झुत्रो मजेत्रो फैलाउनु | दारिर्द्य, करुणा |

**मध्यस्थता**

प्रस्तुत कविताांशमा कविद्वारा सामाजिक मानवीय यथार्थलाई मिथकीय रूपमा उद्धृत गरिएको पाइन्छ । कविले सम्पूर्ण मानव जातिलाई एउटै परिवारका रूपमा चित्रण गर्दै बसुधैव कुटुम्बकम् अर्थात् संसार नै हाम्रो कौटुम्ब हो भन्ने सन्देश प्रसार गरेका छन् । यस कवितामा आएको पृथ्वीभरका मानिस तिम्रा आमा-बाबु भन्ने पङ्क्तिले देवत्वलाई आकाशीय नभई सामाजिक आधारमा पुनर्परिभाषित गरेको पाइन्छ । कविले धार्मिक वा दार्शनिक अमूर्त चिन्तनलाई अस्वीकार गर्दै मूर्त सामाजिक उत्तरदायित्वलाई देवत्वको वास्तविक रूप मान्दै देवत्व र सामाजिक-मानवीयताबीच यस कवितामा मध्यस्थता गरेका छन् । उक्त कवितामा आएको बा हात पसार्नु भन्ने माइथीमले असहायताको प्रतीक प्रस्तुत गर्दछ भने त्यसको समाधान सहयोग र सहानुभूतिमा देखिन्छ । त्यस्तै कवितामा अभिव्यक्त आमा झुत्रो मजेत्रो फैलाउनु  भन्ने पङ्क्तिले दरिद्रताको घनघोर यथार्थ देखाएको छ, जसको मध्यस्थता उक्त कवितामा करुणा र उद्धारले गरेको छ । यसरी सामाजिक उत्तरदायित्व र मानवीय करुणामा देवत्व निहित हुन्छ भन्ने यस कविताको आशय पाइन्छ ।

**निष्कर्ष**

बालकृष्ण समको म पनि द्यौता मान्छु कविता मिथकलाई आधार बनाएर लेखिएको सफल आधुनिक नेपाली कविता मान्न सकिन्छ । यस कविताद्वारा उनी ईश्वररहित भौतिक-अध्यात्ममा आधारित मानवतावाद स्थापित गराउन प्रयासरत देखिन्छन् । यस कविताको मिथकीय विश्लेषण गर्दा कविताले परम्परागत देवत्व केन्द्रित दृष्टिकोणलाई पुनर्व्याख्या गर्दै मानवकेन्द्रित दृष्टिकोण प्रस्तुत गरेको स्पष्ट हुन्छ । यस कविताले उपनिषद्, पुराण,

गीता र बौद्ध आदर्शका मिथकीय प्रतीकलाई पुनर्व्याख्या गरी मानवतावादी दर्शनमा रूपान्तरण गरेको छ। कवितामा कवि र जोगीबीचको संवादको रूपबाट परम्परागत आध्यात्मिक दृष्टि र व्यावहारिक मानवकेन्द्रित दृष्टिबीचको भिन्नता देखाइएको छ भने त्यसको उचित मानववादी समाधान पनि व्यक्त गरिएको पाइन्छ। यो कविता संरचनावादी मिथकीय दृष्टिबाट केवल साहित्यिक रचना मात्र नभएर मानवकेन्द्रित दार्शनिक घोषणा-पत्रका रूपमा उपस्थित देखिन्छ। जसले मानवलाई नै सर्वोच्च देवताको रूपमा प्रतिष्ठित गरेको छ। कवितामा प्रयोग भएका विभिन्न प्रकारका अस्सीभन्दा धेरै माइथीमहरूले देवत्वलाई केवल आकाशीय वा काल्पनिक क्षेत्रमा नभएर मानिसकै अस्तित्व, श्रम, पीडा, प्रेम, करुणा र उत्तरदायित्वमा अवस्थित छ भन्ने देखाएका छन्। यसरी म पनि द्यौता मान्छु कवितामा प्रयुक्त मिथकीय संरचना मानवतावादी दर्शनमा रूपान्तरित भएको छ। कविले देवत्वलाई मानव जीवनको पीडा, प्रेम र सामाजिक कर्तव्यभित्र स्थापित गरेका छन्। फलस्वरूप यो कविता मिथकीय संरचनाको आधुनिक पुनर्संरचना हो जसले नेपाली कवितामा सार्वभौमिक मानवीय जीवनदृष्टिको उद्‌बोधन गरेको छ। यसरी समद्वारा रचित म पनि द्यौता मान्छु कवितालाई संरचनावादी मिथकीय सिद्धान्तद्वारा विश्लेषण गर्न सकिन्छ र यस्तो अध्ययन वैज्ञानिक छ भन्ने पुष्टि भएको छ।

**सन्दर्भ ग्रन्थसूची**

गौतम, कृष्ण, आधुनिक आलोचना : अनेक रूप अनेक पठन, ललितपुर, साझा प्रकाशन, २०५९।
ढकाल, बद्रीप्रसाद, मिथक सिद्धान्त र प्रयोग, बागबजार, काठमाडौँ, ओरिएन्टल पब्लिकेशन हाउस, २०७५।
पट्टनायक, देवदत्त, ओलिम्पस, दिल्ली, राजपाल एण्ड सन्स, ई.२०१८।
बन्धु, चूडामणि, भाषाविज्ञानका सम्प्रदाय, काठमाडौँ, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि, २०७०।
मेघ, कुन्तल, रमेश, विश्व-मिथक सरित्सागर, नयी दिल्ली, वाणी प्रकाशन, इ.२०१५।
मेघ, कुन्तल, रमेश, मिथक से आधुनिकता तक, नयी दिल्ली, वाणि प्रकाशन, इ.२०१७।
लेभी, स्ट्रस, क्लड, मिथ एण्ड मिनिङ , क्यानेडा, युनिभर्सिटी अफ टोरेन्टो प्रेस, इ.१९७८।
लोढा, कल्याणमल, मिथक और भाषा, कलकत्ता, हिन्दी विभाग, कलकत्ता विश्वविद्यालय, इ.१९८१।
विद्यावाचस्पति, उषापुरी, मिथक उद्‌भव और विकास तथा हिन्दी साहित्य, नई दिल्ली, नेशनल पब्लिसिङ हाउस, इ.१९८४।
श्रीवास्तव, जगदीशप्रसाद, मिथकीय कल्पना और आधुनिक काव्य, वाराणसी, विश्वविद्यालय प्रकाशन, इ.१९८५।
सम, बालकृष्ण, बालकृष्ण समका कविता, काठमाडौँ, साझा प्रकाशन, वि.सं.२०३८।
सिंह वीरेन्द्र, मिथक दर्शन का विकाश, इलाहाबाद, स्मृति प्रकाशन, इ. १९८४।
स्ट्रस, लेभी, क्लड, द स्ट्रक्चरल स्टडी अफ मिथ, जर्नल अफ अमेरिकन फोकलोर, खण्ड.६८, अङ्क.२७०, अमेरिका, युनिभर्सिटी अफ एलीलोइज प्रेस इ.१९५५।
स्ट्रस, लेभी क्लड,स्टक्चरल एन्थ्रोपोलोजी  न्युवर्क, बेसिक बुक्स, इ. १९६३ ।
हक, टेरेन्स, अक्सफोर्ड डिक्सनेरी, अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्यु दिल्ली,  इ.२०११।
हेस, डेविड जे, द लिगेसी अफ लेभी स्ट्रस एण्ड रिलेसनसिप टु हेगेल, कल्चरल एन्थ्रोपोलोजी जर्नल खण्ड.२४. अङ्क.३, अमेरिकन एन्थ्रोपोलोजिकल एसोसिएसन, इ.२००९।